मेरो साप्ताहिक

मेरो साप्ताहिक Mero Saptahik

वर्ष : ५ • अंक : २० • पूर्णांक : २१५ • वि.सं. २०८० चैत्र २७ मंगलवार • ने.सं. ११४४ चिल्लागाः अष्टमि • 2024 April 2 • पृष्ठ ८ • मूल्य रू. १०।-

वलाछि त्वाः छँ र गणेश मन्दिरको उद्घाटन

परम्पराको संरक्षण गर्न टेवा पुग्ने विश्वास

• **सुनिता महर्जन**

काठमाडौं/काठमाडौंका परम्परागत टोलहरु मध्येमा एक वलाछि टोलको भवन वलाछि त्वाः छँ र त्यससँगै जोडिएको गणेश मन्दिरको सोमवार उद्घाटन गरिएको छ। पूर्वमेयर विद्या सुन्दर शाक्यको पालामा काठमाडौं महानगरपालिकाबाट बजेट विनियोजना गरी निर्माण भएको वलाछि त्वाः छँको उद्घाटन कामपाकी उपप्रममुख सुनिता डंगोलले गर्नुभएको थियो। उहाँले पानसमा दीप प्रज्ज्वलन गर्नुका साथै त्वाछँको मूलगेटमा रहेको रिवन काट्नुका साथै शिलापत्र अनावरण गर्दै उद्घाटन गर्नुभएको थियो। सोही अवसरमा त्वाःछँ निर्माणसँग सम्बन्धित स्मारिका पनि विमोचन गरिएको थियो।

कार्यक्रममा मन्तव्य राख्नुहुँदै उपप्रमुख डंगोलले वलाछि त्वाःले काठमाडौंको संस्कृति तथा परम्परा जीवन्त राख्न पुऱ्याउँदै आएको योगदानको सराहना गर्नुभयो।

कार्यक्रममा कामपा २७ वडाअध्यक्ष राजेश डंगोल, ज्यापु संस्कृति विकास कोषका उपाध्यक्ष सन्तकुमार महर्जन, ज्यापु महागुथि नेपाः यँ महानगर समितिका अध्यक्ष पन्चनारायण महर्जन लगायतको उपस्थिति रहेको थियो।

वलाछि त्वाःका अध्यक्ष मदनवीर महर्जनको सभापतित्वमा भएको कार्यक्रममा उहाँले यो भवन निर्माण भएबाट परम्परागत संस्कृतिको संरक्षणका लागि टेवा पुग्ने विश्वास व्यक्त गर्नुभएको छ।

वलाछि त्वाःले परम्परागत रुपमा पाहाँचःह्रे जात्राका क्रममा गणेश र नृसिंहको जात्रा गर्दै आएको छ। जात्राकै क्रममा चैत्रकृष्ण औंशीका दिन स्थानीय कुमार केटाहरु (व्रतवन्ध नभएका)लाई मरः जा खुवाइन्छ। चैत्रकृष्ण औंशीका दिन नृसिंह र गणेश देवतालाई गम (मन्दिरबाट) निकाली पहिला ज्याथासम्म लगेर जात्रा गरिन्थ्यो। अहिले भने जनशक्तिको कमि भएका कारण ज्याथासम्म लान नसकेको अध्यक्ष महर्जनले बताउनु भएको छ। वलाछि टोलले चैत्र शुक्ल प्रतिपदाका दिन देवतालाई शहर परिक्रमा गराई जात्रा सम्पन्न गर्ने परम्परालाई भने जीवन्त राखेको छ।

'सांस्कृतिक सम्पदाका लागि सहयोग गर्न तयार'

• **रत्न काजी महर्जन**

काठमाडौं/श्री हल्चोक आकाश भैरव समाजको आयोजनमा बागमती प्रदेशका नव नियुक्त उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री मा. प्रकाश श्रेष्ठलाई शुभकामना दिनुभएको छ।

समाजका अध्यक्ष शेरबहादुर पुतुवारको सभापतित्वमा भएको उक्त कार्यक्रममा आफ्नो भनाई राख्नु हुँदै मन्त्री प्रकाश श्रेष्ठ पार्टीमा मात्र नभइ समाजको मान्छे भएको निर्वाचित गरिदिएकोले धन्यवाद दिनुभयो। युवाहरुलाई विदेश पलायनबाट रोक्न उद्योग नीति, कृषि विकासका नीति ल्याउने बचन दिनुभयो।

समाजबाट बागमती प्रदेशसित सकभर बजेट व्यवस्थापन गरिदिनु आफूले पहल गर्ने साथै यसको मागका सम्बन्धमा संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयसित समन्वय गर्ने प्रस्ताव राख्ने कुरा पनि व्यक्त गर्नुभयो। यहाँका जीर्ण सम्पदा पुनःनिर्माण गर्नुपर्ने भए सहयोगको लागि तयार भएको भन्नुहुँदै यसको लागि पुरातत्त्व विभाग, स्थानीय निकायसित समन्वय गरि काम अगाडि लाने कुरामा जोड दिनुभयो।

समाजका उपाध्यक्ष जीवन पुतुवारले कार्यक्रममा स्वागत गर्नुहुँदै उपत्यकाको भैरव रक्षा गरिरहेकोले हल्चोक आकाश भैरवको उपस्थिति नभइ इन्द्रजात्रा शुरु नहुने कुरा राख्नुहुँदै वर्षभरि हुने हल्चोक आकाश भैरवको स्थानमा विभिन्न कार्यक्रम हुने जानकारी दिनुभयो। आगामि २०८२ साल बैशाखमा हल्चोक आकाश भैरवको १२ वर्षे जात्रा शुरु हुने पनि जानकारी दिनुभयो साथै त्यस जात्राको लागि धेरै खर्च आवश्यक भएकोले सर्वसाधारण, सरकारी तथा धर्मावलम्वीले सहयोग गर्न अपिल गर्नुभयो।

सोहि कार्याक्रममा श्री हल्चोक आकाश भैरव गुठीका नाइके सागर पुतुवारले मन्त्री श्रेष्ठको सफल कार्यकालको कामना गर्नुभयो। उहाँले मा. प्रकाश श्रेष्ठकै पहलमा आकाशभैरवसँगैको पाटी १ करोड १५ लाख बजेटमा तयार भएको जानकारी दिनुभयो।

कार्यक्रममा मन्तव्य राख्नुहुँदै समाजका अध्यक्ष शेरबहादुर पुतुवारले मन्त्री श्रेष्ठले दिनुभएको बचन पूरा गर्ने विश्वास व्यक्त गर्दै २०८२ बैशाख १ गतेबाट हुने १२ वर्षे जात्रा सम्पन्न गर्न सबैलाई सहयोग गर्न अनुरोध गर्नुभयो।

जनस्तरमा पुग्ने बजेट बनाउन मन्त्री चौधरीको निर्देशन

• **मेरो संवाददाता**

काठमाडौं। महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री भगबती चौधरीले जनस्तरमा पुग्नेगरी बजेट बनाउन निर्देशन दिनुभएको छ। महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, लैङ्गिक अल्पसंख्यकका सवालमा ग्रासरुटमै कार्यक्रम पुग्नेगरी बजेट निर्माण गर्न मन्त्रालय मातहतका महाशाखाहरुलाई उहाँले निर्देशन दिनुभएको छ। आर्थिक वर्ष २०८१/०८२ को बजेट निर्माण गर्दा विगतको परम्परागत शैलीभन्दा फरक र प्रभावकारी हुनुपर्ने भन्दै मन्त्री चौधरीले मन्त्रालयको बजेट बढाउन आफू लागि परेको बताउँदै महिला, बालबालिका र ज्येष्ठ नागरिक, अपाङ्गताका क्षेत्रमा स्थानीय तहसम्मै पुग्नेगरी कार्यक्रम तयार गर्न निर्देशन दिनुभएको हो।

मन्त्रालयमा आयोजित प्रि बजेट छलफलमा बोल्दै चौधरीले मन्त्रालयका सबै शाखा प्रमुखलाई बोलाएर जनताको घरदैलोमा पुग्ने बजेट तयार पार्नुपर्ने बताउनु भयो। 'बजेट भनेको जनताको घरदैलोसम्म पुग्ने हुनुपर्छ। गोष्ठी, सेमिनार जस्ता तारे होटलमा खर्च गर्ने कार्यक्रम नबनाउनुस। दुरदराजमा रहेका जनताले प्रत्यक्ष अनुभव गर्ने बजेट आउनुपर्छ।'

महिलाहरुलाई समुन्नत बनाउन आफुले छोरी आत्मनिर्भर कार्यक्रम ल्याउने तयारी गरेको र त्यसमा अर्थमन्त्री र प्रधानमन्त्रीले समेत चासो राखेको जनाउँदै देशका ७५३ वटै पालिकामा महिला मन्त्रालय पुग्ने जिकीर गर्नुभयो। १ अर्ब ५३ करोडको बजेटले सबै क्षेत्रमा काम गर्न नसकिने भएकोले नयाँ कार्यक्रम तयार पारेको भन्दै मन्त्री चौधरीले महिलाको हक-अधिकार संरक्षण र समतामूलक समाजको निर्माणका लागि विभिन्न कानुनी एवम् नीतिगत प्रयास भैरहेको पनि बताउनु भयो।

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय

युवाको विदेश पलायन र संस्कृति

नेपाललाई विश्वले कला र संस्कृतिको देशको रुपमा चिनेको छ। यहाँको प्राकृतिक सौन्दर्यता आफ्नो ठाउँमा छ। तर यहाँको संस्कृति, जात्रापर्व, चाडवाड पनि पर्यटनको एक महत्वपूर्ण पक्ष हो। यहाँ वर्षभरिमा मनाइने विभिन्न चाडपर्वहरुले देशलाई नै जीवन्त बनाउन महत्वपूर्ण योगदान दिँदै आएको छ। नेपालको कला संस्कृतिको संरक्षणमा नेवारलगायत आदिवासी जनजातिहरुको महत्वपूर्ण र ठूलो योगदान रहेको छ। कुनै पनि किसिमको सरकारी सुविधा विना पनि धर्म र पहिचानकै नाममा आजको दिनसम्म पनि नेपालको संस्कृतिले जीवन्तता पाइरहेको छ।

वर्तमान परिवेशमा हेर्दा जात्रा, पर्व, संस्कृति बुढोहरुको पेवा जस्तो बन्न पुगेको छ। युवाहरु धेरै जसो अध्ययन र रोजगारका नाममा विदेश पलायन भएका छन्। अध्ययनका लागि भनेर गएका युवाहरु पनि कालान्तरमा विदेशमै बसोवास गर्ने प्रचलनले नेपालको उत्पादक जनशक्ति दिनानुदिन क्षिण हुँदै गएको छ। त्यसमा पनि विदेशले लाने जनशक्ति भनेको उत्तम र शारीरिकरुपले सबल व्यक्तिहरु नै हुन्। देशमा कुनै पनि किसिमको उद्योग धन्दाहरु संचालन हुन नसक्नु, उच्चशिक्षाको राम्रो व्यवस्थापन नहुनु युवाहरुको विदेश पलायनको प्रमुख कारण बनेको छ। संस्कृति र सम्पदाको संरक्षण गर्ने हो भने त्यसको पहिलो आधार भनेको पुस्तान्तरण हो। जसको लागि युवा काँधहरु तयार हुनु आवश्यक छ। तर अहिलेको परिवेशमा धमाधम विदेश पलायन भएको युवा शक्तिले देशको संस्कृति रक्षाका लागि कदम उठाउन सक्दैन।

देशको कला, संस्कृतिको संरक्षणका लागि आर्थिक पक्षको पनि उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ। तर आर्थिक पक्ष मात्रै सबै पक्ष होइन। सामाजिक सुरक्षाका साथै जीवन यापनको आधारभूत आवश्यकताको पूर्ति नभएसम्म संस्कृतिप्रति युवाहरु अग्रसर हुन सक्दैन। आजको समय सूचना प्रविधिको युगको रुपमा परिचित छ। यसर्थ युवाहरुको विदेश पलायनलाई रोकेर यहाँको संस्कृति सम्पदा र पहिचानको रक्षाका लागि तीनै तहको सरकारले उचित शिक्षा र रोजगारीको व्यवस्थाका लागि नीति ल्याउन आवश्यक भइसकेको छ। नभए भोलिको दिनमा नेपाल बुढाहरुको देश बन्न सक्छ। जसले हाम्रो संस्कृति, सम्पदा र पहिचानको लागि योगदान गर्न सक्दैन।

विश्व मानवीय जीवन



✍ मदनराम कर्माचार्य 'कान्तिपुरी'

हामी विश्व मानवहरु विकराल हुँदो रहेछ। हुन त यस पृथ्वी धरातलमा अनेकन याने फरक फरक धर्म, संस्कार संस्कृति रितीरिवाज जात जाति वर्ण तथा भौगोलिक कारणबाट विश्व मानवीय जीवन फरक फरक चलि रहेछ। हुनत यस धर्तीमा रहने चराचुरङ्गी फरक फरक जन्तु जनावरहरु किरा फत्याङ्ग्रा आदि जीवहरु वसोवास छन्। त्यस्तै थल जीव जस्तै जलचलहरु पनि उत्तिकै याने थलचल भन्दा जलचलहरु अधिक छन्।

माथी उल्लेखसँगै मानव याने मान्छेहरु छन्। मानवहरु जंगलीय अवस्था याने जन्तुस्वभाववाट नै विकास हुँदै वर्तमान एकाइसौं सहस्राब्दीमा प्रवेश गर्दैछौं। साधारणतया सन् १९९० सम्ममा विज्ञानको चमत्कारको बाटो अपनाउँदै आज २०२४ सन्सम्म अनगिन्ति विज्ञानको विकास हुँदैछ। विश्वका अनेकन संस्थाहरुले अनेकन वैज्ञानिकहरुद्वारा नयाँ नयाँ आविष्कार हुँदै आएको छ।

विश्वमा नियम नीतिहरु त समाजमा निर्माण गरे। तर विश्वका विकसित र अविकसित राष्ट्रहरु छुटिएको छ। विकसिट राष्ट्रद्वारा अविकसित राष्ट्रहरुलाई सहयोग गर्दै पनि आएको छ, संयुक्तराष्ट्र संघले पनि विश्वको राष्ट्रहरुले सब बराबर नीतिनियम पालना गर्न भनी बताईएको छ। तर शक्तिशाली राष्ट्रले संयुक्त राष्ट्रको नीति नियम पालना गर्दैन। उनीहरुलाई कार्यवाही गर्न सकेको छैन। गर्न पनि सक्तैन ? संघसँग शक्ति कमजोर छ।

शक्तिराष्ट्र कमजोर राष्ट्रलाई चरालाई कनिका छरे झैं लोभ्याएर एकमाना कनिका सहयोग गरेझैं गरि १० माना सुन फाईदा लिइरहेको पनि हामीले बुझी रहेका छौ। शान्ति राष्ट्रमा खिचातानि गरी झगड्याउँछ हातहतियार विक्रि गरि अधिक मुनाफा खान्छन्। अफ्थ्यारो परे हात झिक्छ अफगानिस्तानमा भए झैं। हाल रुस र युक्रेनमा युद्धमा युक्रेनलाई पनि अमेरिकाले त्यस्तै गरि लाखौंलाख डलर असुलि राखेको छ। विश्वयुद्ध हुन अघि यानो ११ औं बाह्रौं शताब्दीदेखि आफ्नो वर्चस्व देखाउँदै प्रथम विश्वयुद्ध १९१५ देखि १९१८ सम्म त्यस्तै १९३९ शुरुवाट भई १९४५ सन् सम्ममा दोश्रो विश्वयुद्ध तर्‍यो। तेश्रो विश्वयुद्धको रुपमा इराकमा १९९० मा अमेरिका, वेलायतसम्म गरी २८ राष्ट्रको रुपमा संयुक्ततालै हमला गरि सद्दाम हुसेन राष्ट्रपतिलाई हत्या गरे। पछि यस्को गणितफल निकाल्दा गल्टि गलट साबित भए पनि ती ठुला राष्ट्रलाई कार्यवाहि हुन सकेन संयुक्त राष्ट्र टुलुटुलु हेर्दै हात बाँधी। गद्दाफीलाई भने मानव अधिकार हनन् गरे भनि आतंककारीहरुलाई हतियार सहयोग गरी मार्न लगाए। अमेरिका चीन भारत पनि हातहतियारमा प्रतिस्पर्धामा छन्। उत्तर कोरियालाई वन्देज। दक्षीण कोरियामा कोलोनी स्वरुपमा अमेकिाको तैनाथ छन्। यस्तै शक्ति राष्ट्रहरुले कमजोर राष्ट्रलाई जालमा पारि राखेको जोकोहिले थाहा छ। बाध्यताले टुलुटुलु हेर्न बाहेक।

त्यसै गरि शक्तिशाली राष्ट्रहरुको हातहतियार अनेकन बम रकेट आदि निर्माण गर्नु। युद्ध गर्नुवाट कार्वणहरु उत्पादनबाट विश्वको वातावरण दुषित कस्ले गराए मानवले नै गरे। जन्तु जनावरले होइन। विश्व वातावरण दुषिट भएको मानवले गर्दा नै हो। शक्तिराष्ट्रले उत्पादन गर्ने कार्वण घटाउन भनी नेपाल जस्तो राष्ट्रसम्मलाई एक रुख बरावरको १०० रुपैयाँ सहयोग गर्ने भनि विश्व वातावरण हराभरा गराउने भनी भन्ने गरिएको छ। उनीहरु खरब डलर कमाउन वातावरण दुषित पार्दछ। हराभरा वातावरण वनाउने भनी २/४ करोड फ्याँक्छ, अनि कसरी वातावरण दुषित हुनबाट जोगिने।

विश्वमानवले प्राकृतिक कानुन मानी मन वचन कर्म सकारात्मक नीतिले अपनाएको भए के विश्व वातावरण दृषित भई विग्रन सक्छ वा सक्दैन। विश्व बनाउने भन्ने एकव्यक्ति निस्के हजार जना भन्दा बढी बिगार्ने छन्। कुनै पनि राज्यले आ-आफ्नो राज्य टेकाउन त्यस्तालाई नै साथ दिने गरेको छ, फाइदा लिन अनि कसरी हुन्छ।

विश्वमा भूराजनीति पनि त्यस्तै भारत र चीन विचमा नेपाल। नेपालको भूभाग लगभग ३ लाख २० हजार हेक्टर भन्दा कमि छैन। भारतको दक्षीण भारतको महेन्द्र पोखरी राजा महेन्द्र मल्ल पालाको त्यहाँ नुहाउँदा दुवी घाउ खटेरा निको हुन्छ भन्छ। करिव लाखौ हेक्टर दुरको। भारतको क्याम्पस कलेजमा नेपालको भूभाग १,४०,१८१ हेक्टर भन्छ भने नेपालले १,४७,१८१ भन्छ। त्यस्मा केहि बढेको देखाएछ, हाल आएर। चीनमा श्री ५ राजेन्द्र विक्रम शाह राजा हुँदासम्म तीन गाउँ पुरैया मालपोट उठाएको प्रमाण छन्। सगरमाथा पुरै नेपालको भईकन पनी साना साना हाइटको दुई हिमाल पनि नेपालकै थिए। माओत्सेतुङ्गको पालामा राम्ररी अध्ययन अनुसन्धान गरि यदि नेपालको हो भने छाडि दिनु भनेको थिए। नेपालमा जुनसुकै अवस्थामा पनि राजनीतिक लफदा राष्ट्र उत्थानको नामबाट पार्टी र नेताको अधिक मुनाफाले गर्दा नेपालको भूभाग गुम्दैछन भन्दा फरक नपर्ला। वि.सं २०१७ तिर वि.पि.को कालमा राजा महेन्द्र र वि.पि.को टकरावले सगरमाथा उत्तर भागको गुमाउन पुगे। दक्षीण लिम्पीया धुरालिपुलेक काली, गण्डकी शरणलाई मरण गर्न हुँदैन भन्दा भारतको कब्जामा छन्। वि.सं. २०३८ को जनगणनामा त्यहाँका वासिन्दाहरुको पनि गणना गरेका थिए। नेपाल राज्यले पनि पृथ्वी नारायणकालदेखि वर्तमानसम्ममा पनि सिमांकणको बाटाहरु निर्माण गर्न ध्यान दिएको देखिँदैन। खाली जुन पार्टी वा नेताले राज्य गरे सके कहिल्यै नछाड्ने अदान ठीक बेठीक नहेरी गठबन्धन सरकार गरी संकटकालको राज्य संचालन गर्दछ, पैसा शक्ति शानमान कमाउन। अनि दायाँबायाँ नेपालको भूभाग गुमे पनि वेवास्ता राष्ट्र बचाउन कुनै पार्टीलाई चासो छैन। त्यसैले अहिले आउने २०८४ को चुनावमा क्यालेन्डर बनाई भोट दिन, जहिले पनि तार्ने नेताहरुलाई फाल्ने नेपालको विकराल हुँदै आएको जो कसैले अनुभव नगरे पनि होइन।

त्यस्तै भारतमा पनि वृटिशको भारतसम्म याने सन् १९४७ सम्म भारतमा करिव ३ हजारवर्ष सम्म बाहिरी राष्ट्रकाहरुले शासन चलाएको देखिन्छ। चीनमा पनि त्यस्तै वाह्य शक्तिको स्वामित्वमा चलेको थियो। सन् १९४८ ताकादेखि माओत्सेतुङ्गको पालादेखि चीनकै वर्चस्ले चलेको पाइन्छ। त्यस्तै अमेरिका पनि राष्ट्रको स्वरुपमा नभई अन्जान भूभाग झैं थियो। बृटेन र फ्रान्सको कोलोनिद्वारा संचालन भएको थियो। हुन त यस्तै यस्तै राष्ट्रहरु भारत, चीन, अमेरिका त्यस्तै त्यस्तै आदि राष्ट्रहरु आ-आफुले धेरै दुःख खाएर हुर्के। उनीहरु बलियो भएपछि कम्जोर राष्ट्रलाई माया गर्नु पर्नेमा झन त्यस्तालाई दुःखदिई आ-आफ्नो स्वार्थ पुरा गर्दै विश्वमानव समाज नै विध्वंस बनाउँदै छन्।

आजको विश्व राष्ट्रहरु वर्तमान विश्व राजनीति नै खराव छन् प्राय झै कुनै पनि देश त्यहाँका राजनीतिक शासकहरुको होडबाजीले आ-आफुले सत्ता, पैसा र शक्ति कमाउन मात्र माहिर छन्। विश्व जगत नै खराव मानिसले गर्दा विग्रेको हो।

प्यालेष्टानी (हमास) र इजराईल पनि त्यस्तै ठुला राष्ट्रको बाघचालमा गुमराह भइरहेको हो। त्यस्तै यस्तैबाट विश्व जगत २१ सौं सताव्दीले बिगार्दै छन्। हुनतः पूर्ण पाटोको रुपमा दिन भ्याउँदिन यस लेखमा।

मानवीय जीवनतिर लागौं आजको सन्दर्भमा कुनै पनि राष्ट्रमा जनजीवन अष्टव्यस्त छन् ? कुनै पनि राष्ट्र देशमा दोनेसन भनी आउँछ त्यस्को चुनादाम जति खर्च गर्दछ। गरिवलाई भने यस्तोमा पहुँच हुँदैन। यस्तो लाग्ने दलित नेता, अन्य पार्टिकाहरुले नै बाँडफाँड गरि कुम्ल्याइन्छ।

नेपालमै भनौं वर्षको करौडौ करोड गरिव निमुखालाई औषधी उपचार भनी गणित फलको रुपैयाँ राष्ट्रपति, उपराष्ट्रपति, मन्त्री नेता कार्यकर्ता तथा पहुँचवालाहरु ५० लाख ४० लाख

बाँकि ६ पेजमा

सातौं निम अवार्डमा संगीतकार डंगोल सम्मानित

• **मेरो संवाददाता**

काठमाडौं/'सातौं राष्ट्रिय समावेशी म्युजिक अवार्ड' (निम अवार्ड) २०२४ ललितपुरको होटल स्क्वायरमा विभिन्न ४२ विधामा अवार्ड प्रदान गर्दै बिहिबार सम्पन्न भएको छ।

सो अवसरमा रजत संगीत सम्मान २०२४ बाट अग्रज संगीतकार जुगल डंगोललाई सम्मानित गरिएको छ। कार्यक्रममा संगीतकार डंगोलको सम्मानमा गायिका निशा देशारले जुगलकै संगीतको गजल 'साउनको भेल जस्तो' प्रस्तुत गर्नुभएको थियो। यसैगरी बाँसुरीबादक नगेन्द्र राईले जुगलकै संगीतमा बाँसुरी धुन सुनाउनु भएको थियो।

पावर इन्टरनेशनल मिडिया नेपालद्वारा आयोजित सो समारोहमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भानुभक्त जोशीको उपस्थिति रहेको थियो। उहाँले अग्रज संगीतकार डंगोललाई सो सम्मान प्रदान गरेका हुन्।

कार्यक्रममा नेपाल भाषातर्फ गीतकारको अवार्ड नातीकाजी महर्जनले प्राप्त गर्नुभएको छ। यसैगरी संगीतकारको अवार्ड मनराज नकर्मी, गायनको अवार्ड मोहन शाक्य, नेपालभाषा म्युजिक भिडियोको अवार्ड दर्शन वीर शाक्यले प्राप्त गरेको थियो।

सोही समारोहमा संस्कृतिकर्मी चन्द्र कुमार राई, साहित्यकार हरि सिंह थापा, रंग पत्रकार हरि दुलाल, आधुनिक गीत तर्फ नव गायकको अवार्ड राजु भट्ट, नव गायक जुरी अवार्ड सन्त बहादुर दराइ, नव गायिकाको अवार्ड प्रिजा मिश्र, आधुनिक विधा तर्फ गायकको अवार्ड यस कुमार, गायिकाको अवार्ड निता आचार्य, संगीतकारको अवार्ड नरहरी प्रेमी, गीतकारको अवार्ड टेक तामाङ, आधुनिक महिला गीतकारको अवार्ड सविता पोखेलले प्राप्त गरेका थिए ।

यसैगरि राष्ट्रिय भाव गीतको अवार्ड कर्मा, गलज तर्फको अवार्ड रुद्रशेखर शर्मा, गजलकै जुरी अवार्ड संगीता राना प्रधान र युगल गायनको अवार्ड मोहन श्रेष्ठ र सहिमा श्रेष्ठ, पप गायन तर्फ गायकको अवार्ड डेविड शँकर, गायककै डायस्पोरा अवार्ड चेष्टर लिम्ब, लोक पपतर्फ गायनको अवार्ड नविन काकी, गीतकारको अवार्ड अनिल तिखत्री, संगीतकारको अवार्ड मानस राजलाई प्रदान गरेको थियो।

कार्यक्रममा बोल्नु हुँदै मन्त्री भानुभक्त जोशीले यस्ता कार्यक्रमहरुले प्रतिभालाई प्रोत्साहन मिल्नका साथै गीत संगीतको विकाशमा टेवा पुग्ने विश्वास व्यक्त गरे।

'असं बजाः मंगः बजाः' सार्वजनिक

• **मेरो संवाददाता**

काठमाडौं/नेपालभाषाको म्युजिक भिडियो एल्बम 'असं बजाः मंगः बजाः' बिहीबार कीर्तिपुर पाँगामा सार्वजनिक गरिएको छ।

ललितपुर महानगरपालिका प्रमुख चिरिबाबु महर्जन र वरिष्ठ गीतकार दुर्गालाल श्रेष्ठले सार्वजनिक गर्नुभएको सो एल्बममा आठवटा गीत रहेको र त्यसको रचना वरिष्ठ गीतकार दुर्गालाल श्रेष्ठ, वंशीधर बज्राचार्य, भूषणप्रसाद श्रेष्ठ, नातीबज्र बज्राचार्य, मङ्गल महर्जन, चण्डेश्वर महर्जनले गर्नुभएको हो।

एल्बममा रहेको आठ वटै युगल गीतमा वरिष्ठ सङ्गीतकार मनराजा नकर्मीले एकल सङ्गीत दिनुका साथै पुरुष स्वरमा मोहन शाक्यको एकल स्वर रहेको छ। महिला स्वरमा फरक फरक गायककार गङ्गादेवी महर्जन, निशा देसार, कविता जोशी, सिर्जना श्रेष्ठ, लसता जोशी, रत्नशोभा महर्जन, सरिता शाही, रोजी डङ्गोल श्रेष्ठले स्वर दिनुभएको छ।

एल्बमको आठ वटै गीतको समालोचना वरिष्ठ साहित्यकार तथा निर्देशक प्रकाश सायमीले गर्नुभयो। गीति एल्बमले बुढेसकालमा टाइमपास गर्न सहज हुने गीतकार दुर्गालाल श्रेष्ठले बताउनुभयो।

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।

संगीत चर्चा

रागको स्वरुप

✍ **गंगादेवी महर्जन**

गत अंकमा हामीले रागको के हो भन्ने बारेमा जानकारी लियौं। एउटा राग निर्माणको लागि त्यसमा प्रयोग हुने सूरका आधारमा ठाट, त्यसमा प्रयोग हुने आरोह अवरोहका आधारमा जातिको निर्धारण गरिएको हुन्छ। एउटा राग पूर्ण हुनको लागि त्यसको जाति, ठाट, पकड आदि निर्धारित हुन्छ। रागहरुको उत्पत्ति १० वटा ठाटहरुबाट नै हुन्छ।

रागको बारेमा थप बुझ्नका लागि यहाँ केही रागहरु उदाहरणको रुपमा प्रस्तुत गर्दछु।

राग भुपाली

भुपाली राग कल्याण ठाटबाट उत्पन्न भएको हो। यसको जाति औडब औडब हो। यस रागमा म र नि स्वरलाई बर्जित स्वरको रुपमा लिइएको छ। यसैले यसको अलंकारमा आरोहमा ५ र अवरोहमा पनि ५ स्वर लाग्दछ।

आरोह - सा, रे, ग, प, ध, सां।

अवरोध - सां, ध, प, ग, रे सा।

त्यसै गरी रागको लय थाहा पाउन पकड पनि गाउन आवश्यक पर्दछ।

पकडको अभ्यास - ग, रे, सा, ध, सा, रे, ग, पग, धपग, रेसा।

यस रागमा सबै स्वरहरु शुद्ध प्रयोग गरिन्छ। यसैले सबै शुद्ध सुर प्रयोग हुने बिलावल ठाटबाट यसको उत्पत्ति भएको हो कि भन्ने आभास हुनसक्छ। तर यस रागको गायन तरिकाको आधारमा यसलाई कल्याण ठाटको रुपमा निर्धारण गरिएको छ। कल्याण ठाटमा आधारित यमन रागसँग यसको स्वरुप धेरै मिल्दो जुल्दो देखिन्छ। त्यसैले यस रागलाई कल्याण ठाटबाट उत्पन्न भएको नै मानिन्छ। यस रागको वादी स्वर 'ग' हो भने संवादी स्वर "ध" हो। यो राग खास गरी साँझ समयमा गाउने बजाउने गरिन्छ। विशेषतः साँझ ६ बजेदेखि ९ बजेसम्मको समय भूपाली राग गायनको समयको रुपमा लिइएको छ।

यो रागमा प्रयोग हुने न्यास स्वरहरु सा, ग र प हुन्।

यो राग पूर्वांग प्रधान राग हो। यस रागमा मुख्यतः मन्द्र र मध्य सप्तकको प्रयोग गरिन्छ। यस रागमा उत्तरांगको प्रयोग गरिँदैन। उत्तरांग प्रयोग गरिएमा त्यो राग देशकार हुन जाने गर्दछ। यस रागमा ठुमरी गायन गरिँदैन तर बडाखयाल, छोटा खयाल, तराना गाइने गरिन्छ। कसै कसैले यस रागमा प र रेको पनि अधिक प्रयोग गर्ने गर्दछन्, तर अधिकांशले यस्तो गर्दैनन्। यो रागलाई भूप मात्र पनि भन्ने गरिन्छ। यो राग भारतको एक ठाउँ भूपालबाट सुरु भएकोले भूपाली भनिएको भन्ने मान्यता पनि रहेको छ। दक्षिण भारतमा यसलाई मोहन राग पनि भन्ने गरिन्छ।

भूपाली रागमा आधारित भएर 'कुन मन्दिरमा जान्छौ यात्री' गीतको रचना गरेको देख्न सकिन्छ।

नेवाः एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेसः
थीथी सिरपाः त्याका दिसँ ।
ब्वतिया निति फोन ल्याः
०१४३३४२२२

नेवाः सः
Newa FM 106.6 MHz
नेवाः एफएम १०६.६ मेगाहर्ज
न्हिच्छि-चच्छि
२४ घन्टा प्रसारण
विश्व न्यंक प्रत्यक्ष : newafm.com.np
शम्रो पात्रो
नेपालभाषा एकेडेमिया निति
ANK MEDIA Media for Social Good
अनक मिडिया प्रा. लि.
न्यामसिमा, किपः, ललितपुर।
फोन ल्याः ४३३०२२१, ४३३४०००
इ-मेल : ankmedia.newafm@gmail.com





ओलाछि गणेशः देवाः व ओलाछि त्वा छँ
पुनर्निर्माणया ज्या क्वचाःगु लसताय्
वँ महानगरपालिकाया उपप्रमुख
मय्जु सुनिता डंगोलजु पाले
उलेज्या उयाइवः
ओलाछि त्वा:छँ पुनर्निर्माण समिति

पाहाँचःह्रेया कंग अजिमा जात्रा

• **रत्न काजी महर्जन**

पाहाँचःह्रे - यँेया छगू महत्वपूर्ण नखः खः। थुबलय् यँेय् थीथी द्यःया जात्रा न्त्यानाच्वनी। यँेया पलिस्थालिसे स्वानाच्वंपिं थीथी द्यः मध्य कंग अजिमा नं खः। जुजु गुणकामदेवं यँे देय् पलिस्था याःगु इलय् हे यँे देयृया सुरक्षा तातुनाः च्याम्ह मातृका गणया शक्तिपीठ स्वनाः खड्गाकार रुपं दयृकूगु खः। थुपिं शक्तिपीठ मध्य यँेया पश्चिम भागय् लाःगु कंग अजिमा व पूर्व भागय् लाःगु भद्रकाली अजिमाया पाहाँचःह्रेबलय् विशष जात्रा जुइ। पाहाँचःह्रेबलय् जात्रा याइम्ह कंग अजिमाया जात्राया विधान व जात्राया इवलय् वयाच्वंगु छुं छुं ह्यूपाःया विषयस यतखा त्वाःया नायः रामकृष्ण महर्जन व सचिव हिराकाजी महर्जनजुलिसेया खँल्हाबल्हाया लिधंसाय् न्त्यथनेगु कुतः यानाच्वना।

कंग अजिमाया जात्रा चिल्लागाः चतुर्दशी पाहाँचःह्रे खुनुनिसें न्त्याइ। थुखुनु सुथय् यट् खा त्वालय् च्वंगु द्यःछेंय् तयातःम्ह कंग अजिमायात आसनं क्वकयाः सिंहासनय् तयेगु याइ। सिंहासनय् तये धुंकाः यटखा त्वाःया प्यमचा गुथिं स्वने ज्वलं तयाः बलि पुजा याइ। बलि पुजा क्वचायेकाः दर्शनार्थीपिन्त द्यः दर्शन याकी। सुथय् ४ बजेनिसें हे थ्व पुजा न्त्याकेगु याइ। पुजाया इवलय् सुथय् १० बजेपाखे यट् खा त्वाः खलःत वनाः कंगया हाथा ख्यलय् यःसिं थनी। थथ यःसिं थनेवं विधिवत् रुपं पाहाँचःह्रे नखः न्त्याइ। पतांगिरी गणद्यःया जात्रा यानाः गमय् तय् हइ। जात्रा यानाः गणद्यः गमय् तल कि कंग अजिमा पिहाँ बिज्याकी। खतय् अजिमां बिज्याकेत न्हापां पाःताः ख्वला पुजा यायृमाः।

अजिमापिंत बिज्याकीबलय् पाःताः ख्वला चिपं थीकाः यतखां कोथुननिइ च्वंगु नायःया छेंय् यंकी। अन नायःया पुजा कयाः यट्खा बहाः, भण्डार जुयाः हयृपूननि, मजाःदेगः, मरु गणेद्यः, ग्वाछेंमुगःगल्ली, दैसाः, प्याफः, दोखाधः, दमाइत्वाः, मूगल्ली, ध्वाखापाः, हाथाख्यः जुकाः कंगय् क्वत बिज्याकाः गमय् तइ।

चःह्रे खुनु द्यः गमय् तय् धुंकाः इतुंबहाःया गुभाजुतय्सं मेय् छ्यं दुयाः चान्हय् होम यायृगु चलन दु। थुखुनु हे बहनी च्वलामू पाःलाया छेंय् लसकुस यानाः दुकाइ। च्वलामू दुकाय् धुनेवं चःह्रे खुनुया जात्रा क्वचाइ।

आमाइ खुन्हु सुथय् यटखाय् मरः नकी। मरः नके धुंकाः गणद्यः गमं थनाः जात्रा याइ। पतांगिरीं गणद्यः गमं थनाः कंग अजिमा चाःह्यूगु हे रुटं चाःहिकाः छेंय् दुत यंकी। गणद्यःया जात्रा क्वचाल कि लायकूसाःया साय् मित कंगय् वयाः पाखिपः चीगु धकाः खःया न्वः च्यू वइ।

पाखिपः ची सिधलकि मरुया नायः, द्यःला नायः व यट्खा त्वाःया नायः च्वनाः द्यः गमं थनी। द्यः गमं थनेत स्वम्हं नायः चूमलायकं थनी मखु। द्यः गमं थने धुंकाः कंगं चिभाःख्यः जुयाः खुसिइ म्वः ल्हुकेगु धकाः विष्णुमतिइ यंकेगु चलन दुगु खः। तर थौं कन्हय् खुसि फोहर जूगुलिं खुसिइ यंकेबलय् द्यःया हे अपमान जुइगु तायृकाः विष्णुमति सिथं कंगय् यंकाः हाथा ख्यलय् थ्यंकी। हाथा ख्यलय् थ्यन कि हाथा हायृकी।

हाथा हायृके धुंकाः नायःपिं गमय् वनाः सहलह याः वनी। थ्व इलय् प्यन्हुतक जात्राया निंतिं धकाः द्यःला नायलं करकथं प्यदां व ३२ चु चतांमरि बी। थ्व ३२ चु चतांमरि नं १६ चु १६ चु निथाय् त्वाःब्याःया निंतिं धकाः बीगु खः।

सहलहय् जात्राया इवलय् द्यः गन गन यंकेगु, गन गन लँ चायृके माः धइगु विषयस सहलह याइ। कंग अजिमाया जात्राया इवलय् चा जात्रा खुनु वँतु व न्हि जात्रा खुनु किलाघः त्वालय् त्वाः ब्याः यायृमाः।

त्वाः ब्याः धकाः उगु थासं कंग अजिमाया खः यंके न्त्यः कंग अजिमा खलःपाखें चतांमरि ह्वलीगु खः। थथे चतांमरि ह्वलाः त्वाः ब्याः याइगुया हुनिं लँय् गुगुं कथंया विघ्नबाधा मवय् मा, जात्रा सुथांलाक्क अःपुक क्वचाय् मा धकाः खः।

नायःपिं सहलहया निंतिं वनाच्वनीगु इलय् द्यः खः क्वबीपिसं धाःसा द्यःया जात्रा यानाः हाथा ख्यलं थत यंकी। हाथाख्यलं कंग अजिमा थाहाँ बिज्यायृवं यःसिँइ च्वंगु पताः यःसिं पाःलाः व नायःपिं च्वनाः लिकाइ।

हाथाख्यलं ध्वाखापाः, मू गल्ली, दमाइ त्वाः, दोखाधः, भण्डार जुकाः इतुंबहालय् यंकी। इतुंबहाःया गुरुजुपिसं तन्त्रविधिं पुजा यानाः कंग अजिमायात छगः जक खेंय् सगं बी। थ्व खेंय् लानाः नयफत धाःसा मनोकामना पूवनी धइगु जनविश्वास दु।

इतुंबहालं द्यः यतखाय् कंग फलय् दिके हइ।

तुंख्यलय् द्यः ल्वाके न्त्यः इतुंबहालय् द्यः यंकेमाःगुया हुनिं कंग अजिमां ताः इलंनिसें नाप मलाःपिं थः ततापिं छु यानाच्वन धकाः सीकेत इतुंबहाःया गुरुजुयाथाय् क्यं वंबले नाप लाः वनेगु खःसा न्हापां जिगु पुजा कायृमाः धाःगुलिं थथ पुजा काः वनेगु चलन जूगु खः धइगु किंवदन्ती दु।

आमाइ खुनु बहनीइ भिता ईपाखे तुंख्यलय् कंग अजिमा, टेबहाः भद्रकाली व वँतु भद्रकाली नाप लाकाः द्यः ल्वाकी। द्यः ल्वाकेगु धयागु ल्वापु थलेगु मखु। ताःइलंनिसें नाप मलाःपिं द्यःपिं नाप लाकेगु खः। द्यःपिं थवंथवय् नाप लाःगुया चिंकथं द्यःखतय् खलःया मनूत च्वनाः तिंप्वाः हिलीगु खः।

तुंख्यलय् द्यः ल्वाके धुंकाः कंग अजिमा तुंख्यलं पित हयाः न्हूसतक, प्यूखा जुयाः हनुमानध्वाखा लायकुलिइ पुजा फः वनी। अन लायकूपाखें कंग अजिमायात दुगु छम्ह, हँय् छम्ह व नैंक्याः छगः तयाः पुजा बी।

हनुमानध्वाखां द्यः यतखाय् लित हइगु इलय् कम्पुकोटं हइगु खः। अन नेपाली सेनाया ब्यारेक तयातःगु व सैन्य महत्वया ज्वलंत दुगुलिं जिम्मेवारी काय् मफुगु हुनिं मयंकागु खः। हनुमानध्वाखां यतखाय् कंग फलय् हयाः दिके हइ। द्यः ल्वाके धुंकाः कंग अजिमाया ल्यूल्यू टेबहाः व वँतु भद्रकाली द्यः हइ। कंग अजिमां ततापिन्त नखत्या ब्वंगु धकाः थुकथं द्यःखः हइगु खः।

टेबहाः व वँतुया खः कंग अजिमाया खः लिक्क चोखाछेंं गल्लीइ दिकी। तर थौंकन्हय् धाःसा वँतुया खः महय् धुंकल। खः दिके धुनेवं आमाइ खुनुया जात्रा क्वचाइ।

पारु खुनु सुथ न्हापां द्यः कंगफलं थनाः नायःयाथाय् यंकी। नायःया छेंय् पुजा काय् धुंकाः भण्डारय् वनी अनं पिहाँ वयाः मरु, छ्वासपाखां कुहां वना मरु ख्यःक्यब मरुबही दुहाँ वनाः कम्पुकोटं दोखाधः, वनाः मरुत्वाः चिभाःख्यलय् थ्यंकी। अनं दमाइ त्वाः, मूगल्ली, सुन्तागां, पाछेगल्ली, तुंछेंं गल्ली, बुरांख्यः, कुलांभुलुतक वनाः अनं तुंछेंगल्ली हे लिहां वयाः न्यत, त्यंगः न्त्योखाय् तक वनाः त्यंगः न्यत जुयाः किलाघलय् थ्यंकी।

किलाघः त्वालय् त्वाःब्याः याइ। कंग अजिमां त्वाःब्याः यात कि किलाघः गणद्यःया जात्रा न्त्याकी।

कंग अजिमा किलाघलं खिंल, थायृमरु, क्षेत्रपाटी, त्यंगः, क्षेत्रपाटी, मिं नः सतः, क्षेत्रपाटी, थँहिति, ज्याथा, त्यःर, नायृत्वाः, कुनायृत्वाः, कमलाछि, भोताहिति, असंमरु अजिमा ल्यूने जुयाः असनय् थ्यंकी।

असनय् न्हापा हे टेबहाः व वँतुया भद्रकालीया खः दिका तइ। कंग अजिमा अन थ्यनेवं द्यः ल्वाकी। द्यः ल्वाके धुनेवं वंघः, चोखाछेंं गल्ली, मखं, मिखाद्वँ, भुजिंबहाः, प्यूखा, न्यूरोड, दुगंबही, नछेगल्ली, टेबहाः, टक्सारय् यंकी। कंग अजिमा टक्सारय् थ्यन कि टक्सारया लँपु चायृका बी। अनंलिपा तिनि मेमेपिं द्यःपिं जात्रा यानाः यंकी। कंग अजिमा टक्सारं, पुखुद्यां, खिचापुखू, दफ्टर, ओमबहाः, यंगाः, लगं, इनाखा, फसिगां, गाफः, ब्रम्हुत्वाः, ज्यापुतुं, कुमाननि, ओन्दे, चल्खु, ओन्दे, ह्यूमत, क्वहिति, भिंद्यः, मरुत्वाः जुयाः यटखाय् थ्यंकी। यतखाय् थ्यनेवं कंग अजिमायात लसकुस यानाः दुकाइ। लसकुस यायृ बलय् थायृभु नकाः पुजा याइ। छेंय् दुत यंकाः तइ।

थुबले द्यःयात आसनय् दुत मयंकुसें पिनेया क्वथाय् तया तइ। दुतिया खुनु हाथाख्यलय् थनातःगु यःसिं क्वथलाः द्यः आसनय् दुत यंकी। थुलि धुनेवं जात्रा क्वचाइ।

कंग अजिमाया जात्रा गुबलेंनिसें न्त्याकल धइगु तथ्यगत खँ आतक लूगु मदुनि तर ८७४ यृ हे जात्राया गुथिं ब्यवस्था यानातःगु व वयां न्त्यः हे जात्रा याना वयाच्वंगु खनेदु। थ्वयां न्त्यः हे कंग द्यःया निंतिं ने.सं. ८३२ यृ द्यःछेंं लःल्हाना तःगु अभिलेख लूगु दु। कंग अजिमाया जात्रायृ नायृखिं, धिमे, दाफा व बाँसुरी बाजं नापनापं वनाच्वनी। जात्राया इवलय् नायृखिं बाजं न्त्यः न्त्यः वनीगु खःसा धिमे बाजं द्यःछेंं द्यः क्वत बिज्याकुसांनिसें पाःताः ख्वलाया नापनापं च्वनी। जात्रा याइबलय् द्यः गमय् तयृगु इलय् द्यःछें गमय् तक व गमं थना हइबलय् गमं द्यःछेंयूतक पाःताः ख्वला हुड्डा नायलं ज्वनाः चाःहीकी। आमाइखुनु चान्हय् द्यः ल्वाकीबलय् इतुंबहालय् पाःताः ख्वला यंकाः पुजा फय् धुनेवं पाःताः ख्वलायात द्यः छेंय् हे तय् हइ।

थ्व इलय् द्यः खःया लिउलिउ दाफा खलःत दाफा भजन हालाः चाःहिली। दाफा खलःया नापनापं बाँसुरी खलः नं चाःहिली। पाहाँचःह्रे जात्राया मेगु छगू विशषता थीथी उँ (रंग)या तपुलि नं खः। जात्राया इलय् मू द्यःपिं कंग अजिमा, वँतु भद्रकाली व टेबहाः भद्रकालीया म्हसीका न्त्यब्वयृकथं थथ रंगीचंगी तपुलि पुयाः जात्रा याइगु खः। थुकी कंग अजिमाया ह्याउँगु तपुलि जुइसा वँतु भद्रकालीया वँचुगु व टेबहाः भद्रकालीया म्हासुगु तपुलि जुयाच्वनी।

पाहाँचःह्रेया इलय् ह्याउँगु तपुलि खनेवं हे कंग अजिमाया खः हल धइगु मनूतय्सं तायृकी। तर पाहाँचःह्रेबलय् मेमेपिं द्यःपिनि नं जात्रा जुइ। मेमेगु खटय् नं थीथी उँया तपुलि पुइगु इवलय् ह्याउँगु हे तपुलि छ्यःपिं नं यक्व खनेदु। थथे जूबलय् पुजा बीपिनि अलमल जूगु नं खनेदु। छगू इलय् ला कंग अजिमाया खतय् पताः छाय् धकाः हःगु पुजातकं मेगु खतय् लाःगु व लिपा तिनि मखुगु खः लात धकाः स्यूगु घटना नं जूगु दु। थुज्वःगु घटना हाकनं हाकनं मजुइकेगु निंतिं सम्बन्धित खःया जात्रा याइपिसं बिचाः यानाः ग्वाहालि यानादीत इनाप नं यानाच्वना।

नेपालभाषा सिकौं/नेपालभाषा सयेके - १२२

खँग्वः	नेपालभाषा अर्थ	नेपाली अर्थ
गुर्का, सं. (-कू)	स्वकुंलूगु सिं कुचा।	तीनकुने पच्चर।
गुर्का न्याके, क्रि. (न्वके)	गुर्का तानाः मसंके।	तीनकुने पच्चर ठोकेर अँठ्याउनु।
गुर्का बिये, क्रि. (ल)	गुर्का तानाः ज्या छिंके, तसि ताय् न्त्यः तइगु सिंबाला वा लिधंसा।	ठेउको बा आड दिनु।
गुलः, सं. (लत, गः)	गुलि चिना तःगु चाकुमरि, पंजरां बलय् सर्वाजाकि जिकि लिसें दान बीगु मरि।	धार्मिक विधिले तयार पारेको एक थरी रोटी।
गुलःच्चिने, क्रि.	गुलि चिने।	गुटिका बनाउनु।
गुलाफ, सं. (-फ्वः)	कंया दथुइ ह्वइगु छताजि स्वां।	गुलाफ।

हलिं नेवाः गुथि गतिविधि

हलिं नेवाः गुथि टिष्टुङ्गया ससुपुजा

• **मेरो संवाददाता**

यँे/हलिं नेवाः गुथि टिष्टुङ कचाया ग्वसालय् वंगु आइतवाः परम्परागत कथं ससुपुजा न्यायेकूगु दु। नेवाः समाजय् होली पुन्हीनिसें पाहाँचःन्हेतकया दुने ससुपुजा न्यायेकाः न्त्यइपुकेगु चलन दु। हलिं नेवाः गुथि टिष्टुङ्ग कचापाखें ग्वसाःग्वःगु ससुपुजा ज्याइवलय् केन्द्रीय नायः विनोद महर्जन, गुरुपिं बाबुलाल श्रेष्ठ, लोकबहादुर श्रेष्ठ, सन्त बहादुर खड्की, छ्याञ्जे राजभाइ श्रेष्ठ, थाहा ६ या वडासचिव राजेन्द्रभक्त श्रेष्ठ, समाजसेवी सुविनभक्त श्रेष्ठ, आस्था महर्जन, शिला महर्जनलिसें गुथिया जःपिसं ब्वति काःगु खः।

ब्रम्ह स्पोर्टस क्लबद्वारा सत्तहतर सम्मान

• **मेरो संवाददाता**

काठमाडौं/ब्रम्ह स्पोर्टस क्लबले ७७ वर्ष पुगेका काठमाडौं महानगरभित्रका जेष्ठनागरिकहरुलाई एक कार्यक्रमका विच सम्मान गरेको छ। क्लबले प्रत्येक वडाबाट ४/४ जनाको सहभागि हुने गरि काठमाडौं महानगरका ३२ वटै वडाका ८१ जनाका साथै १२ वडाका २१४ जनालाई ७७ सम्मान गरेको हो। काठमाडौं मनपासँगको सहकार्यमा भएको सो सम्मानमा जेष्ठनागरिकलाई नेवा: परम्परा अनुसार सगुन दिइ, दोसल्ला ओढाइ सम्मान पत्र पनि प्रदान गरेको थियो।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा काठमाण्डौ महानगरपालिका १२ वडाका अध्यक्ष बालकृष्ण महर्जनको उपस्थित रहेको थियो।

कार्यक्रम क्लवका संस्थापक सदस्य सानुकाजी वज्राचार्यलाई सम्मान गरि शुरुवात गरेको थियो। सो कार्यक्रम क्लबका अध्यक्ष सगुनमान श्रेष्ठको सभापतित्वमा भएको थियो। क्लबले २०५६ सालमा पहिलोपटक ७७ सम्मानको आयोजना गरेको थियो। सो कार्यक्रमलाई निरन्तरता दिदै २०७१ साल र अहिले २०८० मा तेस्रो पटक ७७ सम्मानको आयोजना गरेको हो।

विश्व मानवीय ...

गर्दै गर्दै लाखौ लाख बाँडफाँड गरि हिसावकिताव टुंग्याउन पुग्दछ।

जनता कुनै प्रकारको रोगव्याध लागे उपचारको लागि क्लिनिक तथा विभिन्न हस्पीटलमा पुग्दछ। अस्पतालहरुमा पनि राजनीति चल्दछ। स्वयम्भु मनमोहन मेमोरियल मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि. भनी खोलिएको हो। हुन त यो अस्पताल पनि महाराजगन्ज अस्पतालको अण्डरमा खोलिएको पछि एमालेको भनी राजनीतिकले प्रा.लि. हुन गयो। त्यस्तै वीर अस्पतालको साधनहरु गंगालाल अस्पतालमा फिट गरी महंगो गरि शुल्क लिए। वीर अस्पतालमा सस्तो। त्यहाँ प्रशासन फिटलो प्राय अस्पतालमा रगत, दिशा पिशाव अन्य आदि जाँचमा अर्को ठाउँमा जँचाई कमिशनको खेलमा लाग्दै। राम्रो डाक्टर अथवा राम्रो व्यक्तिहरु छन् भने त्यस्ता व्यक्तिहलाई पंछाउने २ नं जस्तालाई सम्पर्क गर्न पुग्छ ?

अनि साधारण जीवन यापन गर्ने साथै गरिव निमुखा जनमानिसको जीवन यापन कस्तो रहन्छ। खानलाउन र औषधी उपचार विना मरणमा पुऱ्याइरहेको राष्ट्र संचालक राज्यहरुले विभिन्न कारखाना स्थापना गरे। त्यस्तै विदेशीहरुले नेपालमा हरिसिद्धि ईटा टायल जनकपुर चुरोट, भृकुटी कागज बाँसवारि छाला जुत्ता कारखाना आदि कारखानाहरु विभिन्न सरकार परिवर्तन हुँदै जाँदा गुन्द्रूक भाउमा विक्रि गरि अध्यारो कोठामा वसि पछाडिबाट मोटो कमिशन निलन पुग्दछ राज्यकार र आधिकारकहरुले। वाँसवारिछाला जुत्ता कारखानको जग्गा दशौं विसों रोपनी ह्याकुला भै खाएका छनु चौधरिग्रुपले अहिले कार्यवाहिको सिलशिलामा छन् भन्छ त्यो त राष्ट्रको सम्पत्तिमा परिणत हुनुपर्दछ। वालुवाटारको जग्गाहरु पनि त्यस्तै हुनुपर्दछ। कुनै कुनै संघ संस्था बनाई कवाडी भाउमा बहालमा लगाउने त्यसमा पनि घोटाला गर्ने गरिन्छ। यस्तै प्राय देशहरुमा भैरहेको छ।

कुनै पनि परराष्ट्रहरुले कुनै देशमा हस्पोश सेन्टर अन्य संस्था वनाई गरिव निवारणको खोलिने गरिन्छ। केही समय पछि नेपालमा नेपालीको हातमा र कुनै राष्ट्रमा त्यहि राष्ट्रका मानिसको हातमा पर्न जाँदा पैसा कमाउने ठेकेदार बनि कमाउँछ सरकार राजश्व पनि माफिक। विरामी भर्ना भएकासँग दैनिक २०००/२५०० अशुल्क। वास्तवमा शुल्क नलाग्नु पर्ने यस्ता संस्थाहरुलाई विदेशबाट मगन्ते रुपमा सहयोग भनौं या दोनेशन आइ रहेको हुन्छ त्यसैले चल्ने हो।

मानौ माथि उल्लेखनियताले पृथ्वी धराटलमा भएका राष्ट्रका कमि कमजोर गरिव धनीमा भेदभाव, वेरोजगार जातजातिमा भेदभाव धर्म संस्कारमा भेदभाव गर्ने गराउने आदि मान्छेले मान्छेलाई नै गरिन्छ। नेता, मन्त्री, उद्योगी विचौलीया तथा दलाली एक संस्था वा एक व्यक्तिले करौडौ व्यक्तिलाई असर पार्दछ।

माथिको सन्दर्भताले मानवीय जीवन भनौं या जीवनी कस्तो पृथक्ताले जीवन यापन चल्छ वा चलिरहेछ। त्यसैले विश्व प्रकृतिको वनावट विगार्ने मानव भन्दा अरु कोहि हुँदैन जस्तै विकास गर्दा पनि विकास भन्दा विनास हजारौं गुणा गरिरहेछ। मानवको जीवन यापन गुज्रुँदै छन्। सन् १९४५ जुन ६ मा नागासाकिमा १९४५ जुन ९ मा हिरोसिमामा अमेरिकाले बम प्रहार गर्दा मानवीय जीवन के भएको बम प्रहार भन्दा केही समय अघि शान्त आनन्दमय वातावरण बम प्रहार पछि धुसाकुस अर्कण्टा वातावरण।

यस्तो वातावरणमा निमुखा कम्जोर व्यक्तिको जीवन यापन न त सरकार, न त संघ संस्था समिति जिम्मेवार हुन्छन्। सरसहयोग गरे पनि कुनै विदेशले लगानी गरेको रुपैयाँ पचाउन नाटकीय सहयोगार्थ हुने गरिन्छ। त्यसैले मानवीय जीवन कुनै अनमोल छैन। कुनै नेता मन्त्री उद्योगी समाजसेवी, व्यापारी सब धोंगी जो कसैलाई सद्भावले मान्नु जरुरी छैन। उनी पनि मान्छे फाइदा खोज्न आएका राम्रा कोही कोहीलाई दबाई हाल्ने गरेको हामीले देखेका पनि छौं, सुन्न जरुरी छैन। आफ्नो हात खुट्टा बलियो गर्ने बाहेक कसैलाई सहयोग किन गर्ने ? सहयोग लिइ सकेपछि फरार भई दिइ हाल्छ, मानवीय जीवनमा।

'मारीखोलाको ढुंगो' सार्वजनिक



काठमाडौं/काठमाडौंबाहिर बसेर लेखन कर्ममा सक्रिय जेबी दर्लामीको उपन्यास 'मारीखोलाको ढुंगो' सार्वजनिक भएको छ। लेखक दर्लामीले आफ्नो उपन्यास 'मारीखोलाको ढुंगो' को कथा-कालमा जन्मिएकी इभा काफ्लेलाई पुस्तक हस्तान्तरण गरेसँगै उपन्यास लोकार्पण गरिएको हो।

काठमाडौं विश्वविद्यालयमा स्नातक तहमा अध्ययनरत काफ्लेलाई गरिएको पुस्तक हस्तान्तरण अबको युग नयाँ पुस्ता अर्थात् सशस्त्र द्वन्द्वकालमा जन्मे-हुर्केको पुस्ताको हो भन्ने प्रतीकात्मक संकेत गरिएको थियो।

नेपाल संकटकालमा हुँदा जन्मिएकी ईभाले सशस्त्र द्वन्द्वबारे आफू र आफ्नो पुस्ताको बुझाइका साथै 'मारीखोलाको ढुंगो' पढ्दाको आफ्नो अनुभूति विमोचन कार्यक्रममा सुनाएकी थिइन्। 'समाजविज्ञानको विद्यार्थी भए पनि हामीले द्वन्द्वकालबारे कक्षाकोठामा पढ्नै पाएनौं, घरघरमा कथा सुनाउने चलन पनि अब छैन,' पठन अनुभव सुनाउँदै इभाले भनिन्, 'चिन्दै नचिनेको देश हामीले कसरी बनाउने? हामी कहाँबाट आयौं? अहिले कहाँ छौं? यस्ता प्रश्नको जवाफ मैले यो उपन्यासमा पाएँ।'

आमाबुवाको पढाइको सिलसिलामा बाल्यकाल देशबाहिर बिताएकी र स्वदेश फर्केपछि नेपाली बोल्दा शिक्षालयहरूमा कारबाही भोग्नुपर्ने समयमा हुर्केकी इभाले विमोचन कार्यक्रममा भनिन्, 'नेपाली किताब पढ्नै सक्दिनँ जस्तो लाग्थ्यो, तर मलाई यो उपन्यासको मिठो भाषाले बोलायो, हात समातेर सँगसँगै डोऱ्यायो, हाम्रो देशको वास्तविक धड्कन सुनायो।'

दुई दिन पहिले मात्र आफ्नो पुस्तक विमोचनका लागि बुटवलबाट काठमाडौं आइपुगेका लेखक दर्लामीले पब्लिकेसन नेपालयको आरशालामा आफ्नो बाल्यकाल र लेखन यात्राको अनुभव बाँडे। 'घर नजिक स्कुल नभएका कारण र आमालाई छोड्न नसक्ने आफ्नै भावुक स्वभावले गर्दा मैले स्कुल तह पनि पूरा गर्न सकिनँ,' लेखक जेबी दर्लामीले भने, 'पढ्ने बेलामा पढ्न नपाएको भोकले हुन सक्छ, मलाई शब्दसित गहिरो प्रेम छ।'

अहिले पनि टेलिफोन, बाटोघाटो, विद्युत् नपुगेको अर्घाखाँचीको सिलिङखोलामा जन्मेका लेखक दर्लामीले 'मारीखोलाको ढुंगो' उपन्यास लेख्दाको अनुभव बाँडे।



विराट गोल्डकपको उपाधि मच्छिन्द्रलाई

• **मेरो संवाददाता**

काठमाडौं/शनिबार विराटनगरको सहिद रङ्गशालामा भएको विराट गोल्डकप फुटबल प्रतियोगिताको आठौं संस्करणको उपाधि मच्छिन्द्र फुटबल क्लबले जितेको छ। खेलमा मच्छिन्द्रले साङ्गिला फुटबल क्लब मोरङलाई २-० ले पराजित गर्दै उपाधि हात पारेको हो। प्रतियोगिताअन्तर्गत शनिबार राति भएको निर्धारित ९० मिनेटको खेलमा दुवै समूहबाट गोल हुन नसकेपछि अतिरिक्त समयमा मच्छिन्द्र चम्किएको हो। खेलको ११३ औं मिनेटमा मच्छिन्द्रका छिरिङ गुरुङ र ११९ औं मिनेटमा युसुप थपलियाले गोल गरेका हुन्। उपाधिसँगै मच्छिन्द्र क्लबले रु ११ लाख र साङ्गिलाले रु पाँच लाख ५० हजार नगद पुरस्कार प्राप्त गरेका छन्। प्रतियोगिताका प्लेयर अफ द म्याच मच्छिन्द्रका लाकेन लिम्बू, सर्वोत्कृष्ट खेलाडी साङ्गिलाका महेन्द्र कार्की, उत्कृष्ट गोलरक्षक मच्छिन्द्रका विशाल श्रेष्ठ, उत्कृष्ट प्रशिक्षक मच्छिन्द्रका सन्तोष न्यौपाने र सर्वाधिक गोलकर्ता मछिन्द्रका स्टेफन विनोडले जनही रु २१ हजार नगद पुरस्कार पाएका छन्।

प्रतियोगिताका विजेता तथा उपविजेता टोलीलाई कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की र अखिल नेपाल फुटवल संघका अध्यक्ष पङ्कजविक्रम नेम्वाङ र विराट गोल्डकप ट्रष्टका अध्यक्ष किशोर शाहीले पुरस्कार प्रदान गर्नुभयो।

प्रतियोगितामा नेपाल, भारत र भूटानका एक-एक र घरेलु आठसहित १० टोलीको सहभागिता थियो।

नेपालको टी-२० विश्वकप जर्सी सार्वजनिक

• **मेरो संवाददाता**

काठमाडौं/आगामी जुनमा अमेरिका र वेस्टइन्डिजमा आयोजना हुने आइसिसी टी-२० विश्वकप क्रिकेटमा नेपाली राष्ट्रिय टोलीले लगाउने नयाँ जर्सी सार्वजनिक गरिएको छ। नेपाल क्रिकेट सङ्घ (क्यान) द्वारा सोमबार आयोजित कार्यक्रमबिच युवा तथा खेलकुद मन्त्री विराजभक्त श्रेष्ठ र राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टङ्कलाल घिसिङले जर्सी सार्वजनिक गर्नुभयो।

नयाँ जर्सीको तल गैंडा र सगरमाथा छ। जर्सीको बिचमा नेपाल लेखिएको छ भने रङ्ग निलो, रातो, हल्का मधुरो कलेजी र सेतो रहेको छ।

बायाँतर्फ क्यान र दायाँतर्फ

आइसिसी टी-२० विश्वकपको लोगो रहेको छ। यस्तै दुवै बाउलामा नेपालको झण्डा राखिएको छ। जर्सीको पछाडिको भागमा खेलाडीको नाम र नम्बर पनि रहनेछ। टी-२० विश्वकप आगामी जुन १ तारिखदेखि अमेरिका र वेस्टइन्डिजमा हुँदैछ।

विश्वकपमा नेपाल समूह 'डी' मा परेको छ। यस समूहमा दक्षिण अफ्रिका, श्रीलङ्का, बङ्गलादेश र नेदरल्यान्ड्स रहेका छन्। नेपालले १० वर्षपछि टी-२० विश्वकप खेल्न लागेको हो। यसअघि नेपालले बङ्गलादेशमा सन् २०१४ मा आयोजना भएको टी-२० विश्वकप खेलेको थियो।

यू २१ राष्ट्रिय खो खोको फाइनल आज

• **मेरो संवाददाता**

काठमाडौं/नेपाल खो खो सङ्घको आयोजनामा सुदूरपश्चिको धनगढीमा चैत्र २४ गतेबाट सुरु भएको प्रथम यु-२१ राष्ट्रिय पुरुष तथा महिला खो खो प्रतियोगिताको आज फाइनल खेल हुने भएको छ। प्रतियोगितामा कर्णालीबाहेक ६ प्रदेशका महिला र पुरुष टोलीको सहभागिता रहेको सङ्घका अध्यक्ष प्रदीप महर्जनले जानकारी दिनुभयो।

प्रतियोगिताको सहआयोजक सुदूरपश्चिम खो खो सङ्घ हो। प्रतियोगिताको विजेता टोलीलाई ५० हजार, उपविजेतालाई ३० हजार र तेम्रो हुने टोलीलाई २० हजार रुपियाँ प्रदान गरिनेछ। यस्तै वेस्ट रनर र चेजरलाई १०/१० हजार रुपियाँ प्रदान गरिने आयोजकले जनाएको छ। नेपालमा वि.सं.२०५२ सालमा खो खो खेल स्थापना भएको हो।

प्रो. अरुण महर्जन
अरुण दुध डेरी उद्योग

ग्वंगःबुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३५७४८५१

यहाँ दुध, दही, मही, घ्यू, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।

मेरो साहित्य

पागल भए छु म त

✍ **नातीकाजी महर्जन थँबहि, यँ ।**

हावाले जता लग्यो
उतै जाने बादल झैं
तिमीले जता लग्यो
उतै जाने पागल भए छु म त
कावाले कता लग्यो
थाहा छैन खादल मै
तिमीले खसाल्यो त
पौडि खेल्न पागल भए छु म त
जति जति उम्किन यत्न गर्छु
उति उति गहिराइ भित्र पुग्छु
जब गर्भको खानी ज्वाला बनिकन
क्षितिजमा सुनौलो किरण छर्छ ।
म तिम्रो न्यानो अंगालोमा
अनायास समाहित हुन पुगेको हुन्छु ।
धन्य धन्य यो क्षण मज्जा लाग्छ
सून्य सून्यमा कौतुहल जाग्छ ।
जहाँ श्रृष्टिको मियो प्रकट भइकन
अनगिन्ति बीजहरू अंकुरण गर्छ
त हाम्रो आफ्नै संसारमा
रस्वादन स्वर्गको लिन पुगेको हुन्छु ।

कोरोनां ब्यूगु बेदना

✍ **सुनिता महर्जन**

गबलें बायू मखु धका कसम नयागु
काल वल कि सुनां पनी धकाः छं कंगु
थौं झीगु दथुइ न काल वःगु दु
अयू नं छनाप जि बायू माःगु दु ।
छ व जिगु दथुइ सु वःगु थ्व
कोरोना धाल छु थुइके ग्व
न छंगु ख्वबि जिं हुइके फुगु दु
न छंथायू वया सान्त्वना बिइ फुगु दु ।
केवल टुलुटुलु जक स्वया
मिखां ख्वबि बाः वःगु स्वया
थ नं सुनां मतायेक ख्वयागु दु
खयूत ला छन्त घयूपुना तये मन दु
छ नाप घयूपुनाः दुःख इने मन दु
तर फगत थ्व कोरोनां म्वाः म्वाकं स्याःगु दु ।
म्हिगः तक ख्वबि मिखायू तक मखु
थौं बाः बाः वनाः ख्वाः प्यानाच्वंगु दु
अयूनं जिं छुं यायू फुगु मदु
केवल द्यःयाके भिं उसायूया कामना यायू माःगु दु ।

नुगःखँ

✍ **सरीना बज्राचार्य**

साया घाः क्वखं मस्यू धै थें हे
जिगु नुगः खँ, छं गथे मस्यूगु
लुमन्तिया चिं किपा छंगु स्वयाः गुलि जिं लुधंकेगु
छ तापाःसां नं, जिगु नुगलयू न्ह्याबलें सती
कने मज्यूगु खँ, हाले मज्यूगु मे
थें हे जुल झीगु मतिना

ख्वबि मिखां अथें हाइ मखु, घाः मजुइकं
नुगःसः अथे थ्वइ मखु
नुगलयू घाः मलायेकं
वँयूचाःखिचा थें हाली मखु,
न्ह्यपुइ घाः मजुइकं
साया घाः क्वखं मस्यू धै थें हे जिगु नुगःखँ छं गथे मस्यूगु

न्यनादेयू सुख, च्वनादेयू दुःख धै थें हे जुयाच्वन, झीगु म्वानासु
लुमन्तिया चिं किपा स्वयाः गुलि जिं लुधंकेगु
गबलें खुसि बाः वइ, गबलें मरुभूमि दुइ
कुमाःया घःचाः ह्यू थें हे न्ह्याना वनेमाःगु झीगु म्वानासु
साया घाः क्वखं मस्यू धै थें हे जिगु नुगःखँ छं गथे मस्यूगु

'थेम्मृङ पत्रकारिता पुरस्कार' श्रेष्ठलाई

• **मेरो संवाददाता**

भक्तपुर/नेवाः पत्रकार राष्ट्रिय दबूका केन्द्रीय सदस्य एवं राष्ट्रिय समाचार समितिका फोटो पत्रकार रत्न कृष्ण श्रेष्ठलाई एक कार्यक्रमका बिच 'थेम्मृङ पत्रकारिता पुरस्कार' प्रदान गरिएको छ।

मध्यपुर थिमिको कला, संस्कृतिलाई पत्रकारिताको माध्यमले चिनाउन गरेको योगदानलाई कदर गर्दै यस सम्मान गरेको मध्यपुर संचार समाजले जानकारी दिएको छ। सो समाजको ५ औं अधिवेशनका साथै १२ औं साधारणसभामा सो सम्मान प्रदान गरेको हो।

मध्यपुर थिमिका सांस्कृतिक धरोहर कला, संस्कृति नृत्यका साथै वाद्यगुरु ९६ वर्षका श्रीगोपाल प्रजापतिले पत्रकार श्रेष्ठलाई दोसल्ला ओढाइ ५ हजार नगदका साथमा सम्मानपत्र प्रदान गरेको हो।

सोहि अवसरमा मध्यपुर थिमिको सम्पदा संरक्षण, संवर्द्धन तथा पुनः निर्माणमा महत्वपूर्ण योगदान दिएको कदर स्वरुप मध्यपुर थिमि नगरपालिकाका निवर्तमान नगर प्रमुख मदनसुन्दर श्रेष्ठलाई पनि दोसल्ला ओढाई सम्मान गरेको थियो।

उद्घोषण कला तालिम सम्पन्न

• **मेरो संवाददाता**

काठमाडौं/उद्घोषण कलाले खालि कार्यक्रम संचालन गर्ने होइन आफूले हरेक क्षेत्रमा अगाडि बढ्न सहज वातावरण तयार हुन्छ। कसैको माझमा मनको कुरा राख्न, कहि कतै संवाद गर्न, सम्बोधनदेखि लिएर आदरभाव राख्न पनि यसले मद्दत गर्दछ। साथै तालिममा सिकेका कुरा आफूमा थाति नराखि व्यवहारमा उतार्न पनि उहाँले सुझाव दिनुभयो।

निरन्तर प्रयासले सफलता हासिल गर्न सक्ने यसले जीवनमा परिवर्तन ल्याउँछ। कामपा १८ वडा अध्यक्षले वडाको आयोजनामा संचालन भएको १५ दिने उद्घोषण तालिम समापनमा सो कुरा व्यक्त गर्नुभएको हो।

त्यसैगरि महिला सदस्य हेराशोभा महर्जनले यो तालिमले कार्यक्रम संचालन गर्न सक्दो सहयोग गर्नुका साथै विभिन्न क्षेत्रमा आफ्ना भनाई राख्न पनि सहयोग गर्ने बताउनु हुँदै तालिममा सहभागि सबैलाई निरन्तर प्रयास गर्न सुझाव दिनुभयो।

वडाको आयोजनामा भएको सो कार्यक्रम चैत्र ५ गते देखि १९ गतेसम्म संचालन भएको थियो भने सहजकर्ताको रुपमा प्रशिक्षक नरेश कुमार मल्ल रहेको थियो।

अहिले युवाहरुलाई लक्षित गर्दै यस १८ वडाले गितार प्रशिक्षण तालिम पनि संचालन गरिरहेको छ। १८ वडाका स्थानिय जनताहरुलाई विविध क्षेत्रमा संलग्नता गराउनको लागि तालिम दिने क्रममा गितार प्रशिक्षण तालिम पनि संचालन गर्दै आएका छ।

जसमा युवाहरु खुशिका साथ सहभागि भइरहेको छ। जम्मा २२ जनाको सहभागितामा संचालन भइरहेको यस तालिमले युवाहरुलाई संगित क्षेत्रमा अगाडि बढ्न हौसला दिने त छँदैछ वडाका बासिन्दामा एक-अर्कोमा परिचत हुन पनि सहयोग गर्ने आयोजकको भनाई छ। यस गितार तालिमको प्रशिक्षक माधव प्रधान रहेको छ।

विभिन्न स्थानमा 'मरःजा' खुवायो

• **मेरो संवाददाता**

काठमाडौं/पाहाँचह्रे पर्वको दोस्रो दिन टोलटोलमा बालबालिकाहरुलाई "मरःजा" खुवाइएको छ। बालकहरु ब्रतबन्ध तथा बालिकाहरु वेलविवाह नगरेसम्म मरःजा खुवाउनु हुने विश्वास गरिन्छ। शुद्धसँग नित्य पूजा गरी पकाएको भातलाई 'मरःजा'को रुपमा खुवाउने गरिन्छ। ८४ व्यञ्जन राखेर खुवाउने सो मरजाः खुवाउनाले रोगसँग लड्ने शक्ति बढ्ने जनविश्वास पाइन्छ।

यस दिन स्थानीय कसैको निधन भएको छ भने आमा बितेको घरकाले दुध तथा बुवा बितेकाहरुले दही राखीदिने चलन रहेको छ। आमा बुबाको ऋण तिर्नु छ भने यस दिन दुध र दहि दान गर्नाले पुन्य कमाउन सकिन्छ भन्ने धारणा रहेको छ।

मरःजा काठमाडौंको कुमार्नानि, भलनानि, किलाघः, यटखा, त्यंगः, कोहिति, भद्रकालि, टेबहाल, नरदेवी आदि ठाउँमा खुवाउने गरिन्छ। यस दिन भक्तजनबाट पनि कन्या र कुमारहरुलाई बिस्कुट, चकलेट, फलफुल, पैसा, रुमाल, कापि, कलम आदि बाँड्ने चलन रहेको छ।

हावाहुरीबाट जोगिने उपायहरु

- *घरको संरचना बलियो बनाऔं,*
- *हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,*
- *छानालाई राम्ररी हक तथा तारले कसेर बाधौं,*
- *छतका गमला सुरक्षित रुपमा राखौं,*
- *जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,*
- *हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,*
- *सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं, रोकेर सुरक्षित स्थानमा बसौं।*
- *हावाहुरी चलेको समयमा सवारी साधन हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड



कुनै पनि शुभ कार्य जस्तै :
शुभ विवाह,
व्रतवन्ध, पास्नी,
साथै सभा समारोहको लागि
फूल क्याटरिङ्गसहित हल चाहिएमा
सम्पर्क गर्नुहोस्।

त्रिरत्न मानन्धर
९८४१३१६६३०

सानुकाजी महर्जन
९८४१५६०६१०

स्वयम्भू ब्याङ्क्वेट
भुइखेल, स्वयम्भु, काठमाडौं। सम्पर्क : ०१५३८१५३८